# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष ९ | अंक १०६ | काठमाडौं | मंगलबार, २४ साउन २०७९ | Prabhab National Daily, | Tuesday, Aug 9, 2022 | URL : www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


बञ्चरेडाँडामा फोहोर व्यवस्थापन

## सिसडोलकै फोहोरले रोक्दै छ बाटो



■ सञ्चिता घिमिरे

**काठमाडौं–** असार महिना लागेयता सिसडोलको फोहोरको पहाडबाट लेदोसहित पहिरो खस्दा फोहोर बोक्ने सवारीसाधन जाने सडक अवरुद्ध भइरहेको छ । नुवाकोट र धादिङको सीमामा पर्ने बञ्चरेडाँडामा निर्माण भएको अत्याधुनिक फोहोरमैला व्यवस्थापन केन्द्र (ल्याण्ड फिल्ड साइट) सम्म फोहोर लैजानका लागि यसअघि फोहोर विसर्जन गरिँदै आइएको साइट सिसडोलको बाटो भएरै जानुपर्छ । गत जेठ महिनाबाट उपत्यकाको फोहोर सिसडोलबाट दुई किलोमिटर टाढा पर्ने बञ्चरेडाँडामा विसर्जन हुँदै आएको छ ।

बञ्चरेडाँडामा केन्द्रमा फोहोर विसर्जन गर्न थाल्दा काठमाडौं उपत्यकावासीमा फोहोरको समस्या स्थायी समाधान हुने आशा पलाएको थियो । अघिल्ला वर्षहरुमा सिसडोल भरिएर नियमितरुपमा फोहोर नउठेकाले नयाँ केन्द्रमा नियमित उठ्ने धेरैले अपेक्षा गरेका थिए । तर, सिसडोलको फोहोरमैलाको पहाडले नै नयाँ केन्द्रसम्म फोहोर लैजान अवरोध सिर्जना गरिरहेको छ ।

सडकको खराब अवस्था र पटक-पटक विभिन्न माग राख्दै हुने स्थानीयवासीको आन्दोलनका कारण काठमाडौंको फोहोर नियमित नउठेको पाइन्छ । अहिले पनि गाडीले धुलो उडायो र फोहोरबाट दुर्गन्ध आयो भनी स्थानीयवासीले दैनिक चार/पाँच घण्टा अवरोध गरिरहेको काठमाडौं महानगरपालिका, वातावरण विभागकी प्रमुख सरिता राईले बताइन् ।

उपत्यकाबाट फोहोर तारकेश्वर नगरपालिका, ककनी नगरपालिका र धुनीबेसी नगरपालिका हुँदै बञ्चरेडाँडा जानुपर्छ । खासगरी त्रिशूली-बालाजु सडकको निर्माण आठ वर्ष पहिले सुरु भएर पनि अझै अलपत्र भएकाले यसको निर्माण चाँडो सक्न भन्दै पटक-पटक आन्दोलन भइरहेको छ । दुई प्याकेजमा निर्माण अघि बढाइएकामा दुवै खण्डमा ठेक्का तोडिइसकिएको सडक विभागले जनाएको छ । एउटा ठेक्कामा अदालतबाट अन्तिम निर्णय आइसकेकाले नयाँ ठेक्कामा जान सकिने भए पनि अर्को ठेक्काको मुद्दामा अदालतले अन्तरिम आदेश दिएको थियो । सडक चाँडो बनाउन माग गर्दै पटक पटक आन्दोलन हुँदा फोहोरको गाडी रोकिने गरेको छ ।

तिनपिप्लेबाट सिसडोल हुँदै बञ्चरेडाँडासम्मको सडकको मर्मतको काम सहरी विकास तथा भवन निर्माण विभागलाई जिम्मेवारी दिइएको थियो । विभागले केही समय पहिले मात्रै ठेक्का लगाएर अहिले काम (**बाँकी पृष्ठ ३ मा**)

# कांग्रेसको सयले गठबन्धनमा भय

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली कांग्रेसका नेता डा. शशांक कोइरालाले आउँदो प्रतिनिधिसभा निर्वाचनमा वर्तमान गठबन्धनबीच नै तालमेल गरेर जानु उपयुक्त हुने बताए । शनिबार चितवनको भरतपुरमा सञ्चारकर्मीसँग कुरा गर्दै उनले उक्त कुरा बताएका थिए । तर, तालमेल गर्दा कांग्रेसलाई कम्तीमा पनि १०० सिट दिनुपर्ने धारणा उनले राखे ।

सत्तारूढ गठबन्धनबीच चुनावी तालमेलको निर्णय भई सिट बाँडफाडको खाका निर्माणलगायतका विषय अघि बढिरहेका बेला कोइरालाको यस्तो धारणा आएको हो । तालमेल गर्दा कांग्रेसले १०० सिट पाउनुपर्छ भन्ने मान्यता राख्ने कोइराला एक्ला नेता भने होइनन् । कांग्रेस महामन्त्री गगन थापा, नेता रामचन्द्र पौडेललगायतले गठबन्धन गर्दा कांग्रेसले कम्तीमा १०० सिट पाउनुपर्ने धारणा राखिरहेका छन् ।

शुक्रबार नेता पौडेलले कांग्रेसले १०० भन्दा बढी सिट नपाए गठबन्धनलाई कसिलो बनाउन समस्या हुने बताएका थिए । कांग्रेस महामन्त्री थापाले शनिबार भक्तपुरमा आयोजित एक कार्यक्रममा नेता/कार्यकर्तालाई कांग्रेसको एकल बहुमत ल्याउनेगरी निर्वाचनमा होमिन निर्देशन दिएका थिए । उसो त कांग्रेस केन्द्रीय कार्यसमिति बैठकबाटै यो विषयको औपचारिक निर्णय गरिसकेको छ ।

सोमबार प्रधानमन्त्रीनिवास बालुवाटारमा बसेको कांग्रेसका पदाधिकारी र पूर्वपदाधिकारीहरूको बैठकमा पनि १०० सिट आफूसँग राखेर बाँकी सिट अन्य दललाई दिनुपर्ने सुझाव आएको छ । कांग्रेसलाई लाभ हुनेगरी टुंगोमा पुग्न उनीहरूको सुझाव छ ।

स्थानीय तहको चुनाव र कांग्रेसको अवस्थालाई ध्यानमा राखेर अघि बढ्न नेताहरूले नेतृत्वलाई सुझाव दिए । स्थानीय तहको निर्वाचनमा कांग्रेसले प्राप्त गरेको मत परिणामलाई समेत आधार मानेर कम्तीमा १०० सिटभन्दा कम हुनेगरी बाँडफाड नगर्न सुझाव दिएका छन् ।

'स्थानीय तहको चुनावमा पार्टीले प्राप्त गरेको मत र जनताको कांग्रेसप्रतिको




> कांग्रेस महामन्त्री गगन थापा, नेता रामचन्द्र पौडेललगायतले गठबन्धन गर्दा कांग्रेसले कम्तीमा १०० सिट पाउनुपर्ने धारणा राखिरहेका छन् । तर, गठबन्धनका अन्य दल खासगरी नेकपा माओवादी केन्द्र र एकीकृत समाजवादी सहमतिमा आउने देखिँदैन । कांग्रेसलाई ८० सिट मात्रै दिने अडान गठबन्धनका चार दलको छ ।

विश्वासलाई आधार मानेर १६५ मध्ये १०० सिटमा कांग्रेसले दाबी छाड्न मिल्दैन भन्ने नेताहरूको मत रहेको छ,' बैठकमा सहभागी एक नेताले भने । कतिपयले भने त्यसभन्दा तल झरेर गठबन्धन गर्नुपर्ने अवस्था आएको खण्डमा कांग्रेस कडारुपमा प्रस्तुत हुनुपर्ने सुझाव दिएका छन् । नेताहरूले चुनावमा स्वाभाविक तालमेल गरेर अघि बढ्नुपर्ने बताएका छन् । गठबन्धनका उम्मेदवार विजयी हुने कुरालाई केन्द्रमा राखेर व्यावहारिक, वैज्ञानिक र स्वाभाविक प्रकृतिको चुनावी तालमेल गर्नुपर्ने उनीहरूको मत छ । कांग्रेस सभापति एवं प्रधानमन्त्री शेरबहादुर देउवाले आगामी निर्वाचनमा गठबन्धनमा आबद्ध दलहरूसँग सिट बाँडफाडको विषयमा पार्टी कसरी प्रस्तुत हुने भन्ने विषयमा बैठक बोलाएका थिए ।

तर, कांग्रेसको प्रस्तावमा गठबन्धनका अन्य दल खासगरी नेकपा माओवादी केन्द्र र एकीकृत समाजवादी सहमतिमा आउने देखिँदैन । माओवादी अध्यक्ष पुष्पकमल दाहाल र एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले कांग्रेसबाहेकका चार दलले कम्तीमा ८५ सिट पाउनुपर्ने अडान राखेका छन् । यसो हुँदा कांग्रेसको भागमा जम्मा ८० सिट पर्नेछ । एकल बहुमत ल्याउने रणनीतिमा रहेको कांग्रेसलाई यसले असर गर्नेछ । कांग्रेसको १०० सिटको अडानले गठबन्धनका अन्य दलमा भने भय सिर्जना गरेको छ ।

प्रतिनिधिसभामा प्रत्यक्षतर्फ १६५ र समानुपातिकतर्फ ११० सिटका लागि निर्वाचन हुनेछ । यसमा कुनै पनि दललाई एकल बहुमतका लागि १३८ सिट जित्नु आवश्यक हुन्छ । २०७४ को निर्वाचनमा प्रतिनिधिसभातर्फ कांग्रेसले प्रत्यक्षमा २३ र समानुपातिकतर्फ ४० सिट गरी ६३ सिट जितेको थियो । योपटक पनि समानुपातिक सिटलाई सोही अनुमान गर्दा कांग्रेसलाई एकल बहुमतका लागि प्रत्यक्षतर्फ ९८ सिट आवश्यक पर्छ । गठबन्धनका अन्य दल कांग्रेसलाई प्रत्यक्षतर्फ ९८ सिट दिन तयार छैनन् । सिट बाँडफाडमा कथं कांग्रेसलाई ९८ सिट दिने सहमति भयो भने पनि सबै क्षेत्रमा जितिन्छ भन्ने कुनै ग्यारेण्टी छैन । (**बाँकी पृष्ठ ३ मा**)

### कार्यदलको संयोजकमा सिटौला

आगामी मंसिर ४ गतेलाई तय प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि सिट बाँडफाड गर्न गठित सत्तँरूढ कार्यदलको संयोजकमा कांग्रेस नेता कृष्णप्रसाद सिटौलालाई तोकिएको छ । सोमबार दिउँसो प्रधामन्त्रीनिवास बालुवाटारमा बसेको बैठकले सिटौलालाई संयोजक तोकेको हो ।

यो कार्यदललाई साउन मसान्तभित्र सिट बाँडफाडबारे टुंगो लगाउन समय दिइएको छ । कार्यदलको अर्को बैठक साउन २६ मा बस्ने निर्णय भएको छ । सोमबारको बैठक 'सकारात्मक' रहेको नेताहरूले प्रतिक्रिया दिएका छन् ।

कार्यदलमा नेपाली कांग्रेसबाट तीन जना सदस्य छन् भने अन्य चार पार्टीबाट दुई-दुई जना सदस्य छन् । कार्यदलमा नेपाली कांग्रेसबाट नेता सिटौलासहित महामन्त्री गगनकुमार थापा र ज्ञानेन्द्रबहादुर कार्की छन् । माओवादी केन्द्रबाट वर्षमान पुन र जनार्दन शर्मा छन् ।

नेकपा एकीकृत समाजवादीबाट उपाध्यक्ष प्रमेश हमाल र महासचिव बेदुराम भुसाल, जनता समाजवादी पार्टीबाट रामसहाय यादव र रकम चेम्जोङ तथा राष्ट्रिय जनमोर्चाबाट हिमलाल पुरी र आनन्द शर्मा सदस्य छन् ।

२० साउनमा बसेको पाँचदलीय गठबन्धनका शीर्ष नेताहरूको बैठकले ४ मंसिरको प्रदेशसभा र प्रतिनिधिसभा चुनावमा तालमेल गर्ने निर्णय गर्दै कार्यदल बनाएको थियो । कार्यदलको पहिलो बैठक सोमबार बसेको हो ।

सन्दर्भ : वैदेशिक रोजगार

# बोर्डको वार्षिक कार्यक्रम कार्यान्वयनमा समस्या

■ प्रभाव संवाददाता

**काठमाडौं–** वैदेशिक रोजगार बोर्ड सचिवालय वार्षिक लक्ष्यअनुसार कार्यक्रम सञ्चालन गर्न असफल देखिएको छ । एक आर्थिक वर्षभित्र सञ्चालन गर्न स्वीकृत गरिएका कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा बोर्ड असफल देखिएको हो ।

बोर्ड सचिवालय स्वंयले चालु आर्थिक वर्ष २०७९/८० को वार्षिक नीति तथा कार्यक्रममा गत आर्थिक वर्ष २०७८/७९ को नीति, कार्यक्रम र बजेटको समीक्षा गर्दै कार्यक्रम सञ्चालन स्वीकृत भएअनुसार प्रभावकारी कार्यान्वयनमा समस्या देखिएको उल्लेख गरेको छ । प्रत्येक वर्ष डेढ अर्ब रुपैयाँभन्दा माथिको कार्यक्रम सञ्चालन स्वीकृति पाएको बोर्डले कोभिड-१९ महामारीका कारण देखाउँदै अपेक्षा गरेअनुरुप कार्यक्रम सञ्चालन गर्न नसकेको उल्लेख गरेको छ ।

गत आवमा बोर्डको कार्यक्रमगत खर्च एक अर्ब ४९ करोड ९४ लाख ५० हजार रुपैयाँ रहेको थियो । बजेट छुटयाइए पनि पुनः एकीकरण र अभिमुखीकरण कार्यक्रम सञ्चालनमा कानुनी समस्या आएको बोर्डले जनाएको छ । बोर्ड सचिवालयले भनेको छ, 'वैदेशिक रोजगारीको सिलसिलामा कोभिड-१९ लगायतका कारण समस्यामा परी फर्किएका नेपाली कामदारहरुलाई सामाजिक एवं आर्थिक पुनःएकीकरण गर्ने उद्देश्यले सचिवालयबाट तयार पारिएको कार्यविधि स्वीकृत हुन नसक्दा कार्यविधिको अभावमा पुनःएकीकरण कार्यक्रम पूर्णरुपमा कार्यान्वयन हुन सकेन ।'




यसैगरी बजेट निर्धारण गरिए पनि कामदारको स्वास्थ्यलगायतका भौतिक अवस्था बुझ्ने उद्देश्यले स्वीकृत भएको वैदेशिक अध्ययन कार्यक्रम कोभिडका कारण कार्यान्वयन हुन नसकेको बोर्डले जनाएको छ । अझै महत्त्वपूर्ण विषय वैदेशिक रोजगार व्यवसायीहरुको हित, कल्याण र संस्थागत क्षमता अभिवृद्धि सञ्चालनसम्बन्धी कार्यक्रम पनि त्यत्तिकै थाती रहेको पाइयो । यसप्रति संस्थागतरुपमा बोर्डको कमजोरी औंल्याउँदै व्यवसायको हितका लागि कुनै पहल नभएको भन्दै व्यवसायीहरुले गुनासो गर्दै आएका छन् । तर, बोर्ड सचिवालयले स्वीकृत कार्यक्रम सञ्चालन हुन नसक्नुमा विभिन्न समस्या देखाउँदै पन्छिएको नीति तथा कार्यक्रमबाटै प्रस्ट देखिएको छ ।

बोर्डले महत्त्व दिएर ल्याएको कार्यसञ्चालन निर्देशिका र पुनःएकीकरणसम्बन्धी कार्यविधि समयमै स्वीकृत नभएकाले कार्यक्रम कार्यान्वयन हुन नसकेको भन्दै श्रम, रोजगार तथा समाजिक सुरक्षा मन्त्रालय र मन्त्रिपरिषद्लाई दोषी देखाएको छ । बोर्ड बैठकबाट स्वीकृत वार्षिक बजेट कार्यान्वयनमा पनि बोर्ड सचिवालयलाई आर्थिक कार्यका लागि अख्तियारी नहुँदा सेवा प्रवाहमासमेत समस्या देखिएको बोर्डले जनाएको छ । यतिमात्र नभई कार्यक्रम सञ्चालनमा विदेशस्थित नेपाली नियोगसँगको समन्वयमा पनि समस्या देखाइएको छ । जसका कारण वैदेशिक रोजगारीमा गएका नेपाली कामदारहरुको उद्धार तथा मृतकहरुको शव नेपाल ल्याउन कठिनाइ झेल्नुपरेको उल्लेख छ ।

कामदारको संख्या धेरै भएका मुलुकका दूतावासमा श्रम तथा श्रम सहचारीको व्यवस्था नभएका कारण पनि समस्या देखिएको बोर्डको भनाइ छ । कल्याणकारी कार्यका लागि विभिन्न देशमा रहेका नेपाली नियोगहरुमा उपलब्ध गराइएको पेश्की रकम समयमै फर्स्योट नहुनाले महालेखापरीक्षकको कार्यालयले बेरुजु देखाएको बोर्डले उल्लेख गरेको छ । नेपाली नियोग र बोर्ड सचिवालयबीच नियमित छलफल तथा अन्तरक्रिया हुन नसक्दा विदेशमा अलपत्र कामदारहरुको उद्धार कार्य सोचेअनुरुप हुन नसकेको बोर्डले स्वीकारेको छ ।

स्वीकृत वार्षिक कार्यक्रम प्रभावकारी कार्यान्वयन नहुनुमा बोर्ड सचिवालयमा कार्यबोझको तुलनामा जनशक्ति अपर्याप्त रहेको उल्लेख गरिएको छ । बोर्ड सचिवालयबाट सम्पादित कार्य संवेदनशील र अत्यावश्यक प्रकृतिको हुने भएका कारण जुनसुकै समयमा पनि कर्मचारी परिचालन गर्नुपर्ने अवस्था रहे पनि कार्य प्रकृतिको तुलनामा कुनै किसिमको प्रोत्साहन सुविधा नहुँदा कर्मचारी टिकाउन समस्या रहेको प्रतिवेदनमा उल्लेख गरिएको छ ।

विभिन्न समस्याका बाबजुद पनि बोर्ड सचिवालयले स्वीकृत वार्षिक नीति, कार्यक्रम तथा बजेटले सफलता पाएको दाबी गरेको छ । गत अर्थिक वर्षको समीक्षा गर्दै बोर्डले वैदेशिक रोजगारीमा गएका, जान चाहने, वैदेशिक रोजगारीबाट फर्किएका नेपाली कामदार एवं तिनका परिवारको हितलाई समेत केन्द्रबिन्दुमा राखी चालु आर्थिक वर्षमा स्वीकृत कार्यक्रम सञ्चालन गर्न एक अर्ब ५४ करोड ६७ लाख ५० हजार रुपैयाँको बजेट तय गरेको छ ।




# 'आदिवासी जनजातिलाई राज्यको मूल प्रवाहमा ल्याउनुपर्छ'

**काठमाडौं (प्रसं)–** नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले आदिवासी जनजाति समुदायको उत्थान प्रवर्द्धन गरी उनीहरूलाई राज्यको मूल प्रवाहमा ल्याउनुपर्ने बताएका छन् । विश्व आदिवासी दिवसका अवसरमा नेपाल लोकतान्त्रिक आदिवासी जनजाति महासंघले सोमबार यहाँ आयोजना गरेको 'विश्व आदिवासी दिवस विशेष भेला' मा उनले नेपालको राष्ट्रियताको आन्दोलनमा आदिवासी जनजातिको महत्त्वपूर्ण भूमिका रहेको बताउँदै उनीहरूको अधिकार र पहिचानका लागि विशेष महत्त्व दिनुपर्ने धारणा राखे ।

महामन्त्री थापाले नेपालको जातजाति, भाषाभाषी, संस्कृतिको विकास नभएसम्म मुलुक समृद्ध नहुने भन्दै समानुपातिक समावेशिताको नीतिअनुरुप नेपालको विकास र समृद्धिको यात्रालाई अघि बढाइनुपर्नेमा जोड दिए । उनले कांग्रेसका आदर्शवादी नेता भीमबहादुर तामाङको ' पहिचान भेटिने र जातीय द्वन्द्व मेटिने' नारालाई आत्मसात् गरेर जनजाति आन्दोलनलाई अघि बढाउनुपर्ने खाँचो औंल्याउँदै संगठनलाई क्रियाशील बनाएर विचार निर्माण गर्ने नयाँ अभियानमा भूमिका खेल्न आग्रह गरे । नेपालको आदिवासी आन्दोलनमा कांग्रेसको महत्त्वपूर्ण योगदान रहेको उल्लेख गर्दै उनले कांग्रेसको स्थापना र प्रजातान्त्रिक आन्दोलनका दौरानमा आदिवासी जनजाति समुदायको ठूलो योगदान रहेको बताए ।

कांग्रेसका सहमहामन्त्री भीष्मराज आङ्देम्बेले आदिवासी जनजाति समुदायको उत्थान प्रवर्द्धन र हकहितका विषयमा सबै आदिवासी समुदाय एकताबद्ध भएर अघि बढ्नुपर्नेमा जोड दिए । उनले आगामी निर्वाचनमा बढीभन्दा बढी जनजाति समुदायको प्रतिनिधित्व सुनिश्चित गराउन पनि सबै सक्रिय हुनुपर्ने धारणा राखे ।

कांग्रेसका प्रवक्ता डा. प्रकाशशरण महतले जातीय विविधता र संस्कृति नेपालको पुँजी भएको उल्लेख गर्दै समानता र समावेशीकरणको सिद्धान्तअनुरुप आदिवासीको हित प्रवर्द्धनमा सबै जुट्नुपर्ने बताए ।

## मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : WALFOOD INDUSTRY (M) SDN. BHD.

पूर्व स्वीकृति मिति २०७९/०४/२३ LT. No. 268966 चलानी नं.६०१८४९०३

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | General Worker | 10 | 0 | 1500 | ४२,८७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: साउन ३१ गते (16th Aug. 2022)मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क:नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Himalayan Human Resources Nepal Pvt. Ltd.**

श्रम ईजाजत नं. ४५१/०६०/०६१

Tokha-5, Basundhara Chowk, Nepal, Tel: 01-4354342,
Mob: 9803089086, 9823348542, 9841206595
E-mail : hrnhimalayan@gmail.com
Website : www.hrnhimalayan.com

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SMILE SALON AND SPA

पूर्व स्वीकृति मिति : २०७८/११/०१ पुन विज्ञापन स्वीकृति मिति : २०७९/०४/२३ LT. No.257628 चलानी नं. ६०१७४३९३

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | QR | ने.रू. | | | | | | | |
| 1 | Beautician | 0 | 2 | 1700 | ५९,५२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: साउन ३१ गते (16th Aug. 2022)मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रू. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**D.N. International Nepal Overseas Employment Agency Pvt. Ltd.**

श्रम ईजाजत नं. १४४/०५६/०५७

New Baneshwor, Ktm, Tel: +977-1- 4104338 Mob. No : 9818761963, 9827043627, 9815074212 E-mail :info@dninepal.com.np Website : www.dninepal.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : SRI SAIRAM ENTERPRISE (M) SDN.BHD.

पूर्व स्वीकृति मिति २०७९/०४/१२ पुन विज्ञापन स्वीकृति मिति : २०७९/०४/२३ LT No :267988 चलानी नं. ६०१८३९३५

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Cleaning Worker | 30 | 0 | 1500 | ४२,८७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाण्डौ, मिति: साउन ३१ गते (16th Aug. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**SUN RAY GLOBAL OVERSEAS PVT. LTD.**

918/067/68

Kathmandu-9, Sinamangal. Tel: +977-1-4560974, 4564202, Fax: +977-1-4464202
Email :sunray918@gmail.com, srgoverseas@gmail.com

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL HANQAH HOSPITALITY AND CLEANING SERVICES

पूर्व स्वीकृति मिति २०७९/०४/२३ LT. No. 268941 चलानी नं. ६०१८४८९५

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | QR | ने.रू. | | | | | | | |
| 1 | General Cleaning Worker | 5 | 0 | 1000 | ३५,०१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: साउन ३१ गते (16th Aug. 2022)मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**दियालो इन्टरनेशनल इम्प्लोएमेन्ट एजेन्सी प्रा. लि.**

Licence No.: 811/065/066

पो.ब. नं.: २०१९, सिनामंगल काठमाडौं, फोन नं. ०१-४५६०९२२, ४५६०६००,
ईमेल : diyalointl@gmail.com, www.diyalo.com.np

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : INTEGRATED PARKING SERVICES LLC

पूर्व स्वीकृति मिति २०७८/०८/२७ पुन विज्ञापन स्वीकृति मिति २०७९/०४/२३ LT. No. 253471 चलानी नं. ६०१७०३१३

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | AED | ने.रू. | | | | | | | |
| 1 | Ticket Collector | 50 | 0 | 1000 | ३४,६३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: साउन ३१ गते (16th Aug. 2022)मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले **सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने** : नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**NOVA INTERNATIONAL PVT. LTD.**

श्रम ईजाजत नं. १०१९/०६८/०६९

P.O.Box: 6859, New Baneswor, Kathmandu, Nepal. Tel:- +977-1-4785761/4784578, Fax:- + 977-1-4784571
Email: info@novainternational.com.np, URL: www.novainternational.com.np

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी :CONCESSION FIELDS AGRICULTURE COMPANY

पूर्व स्वीकृति मिति २०७९/०२/१२ पुन विज्ञापन स्वीकृति मिति २०७९/०४/२३ LT. No. 263737 चलानी नं. ६०१७२३१२

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Labor | 25 | 0 | 1000 | ३३,८४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: साउन ३१ गते (16th Aug. 2022)मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Sky Blue International Overseas Pvt.ltd.**

Govt. License 1462/074/075

Sinamangal, Kathmandu, Nepal,Phone : +977 1 4592660
skyblueintloverseas@gmail.com, www.skyblueintl.com.np

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : OLIVE ARABIA GENERAL BUILDING CONTRACTING COMPANY.

पुर्व स्वीकृति मिति २०७८/०७/१६ पुन विज्ञापन स्वीकृति मिति २०७९/०४/२३ LT No.249616 चलानी नं. ६०१६६७६८

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | KWD | ने.रू. | | | | | | | |
| 1 | Mason | 3 | 3 | 85 | ३५,२५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Painter | 4 | 0 | 85 | ३५,२५५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाण्डौ, मिति: साउन ३१ गते (16th Aug. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Target Consultant Human Resources Pvt. Ltd.**

श्रम ईजाजत नं.८३३/०६६/०६७

Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com

## मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : UNIQUE FIRE INDUSTRY SDN. BHD.

पूर्व स्वीकृति मिति २०७९/०४/२३ LT. No. 268968 चलानी नं.६०१८४९११

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Factory Worker | 30 | 0 | 1500 | ४२,८७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: साउन ३१ गते (16th Aug. 2022)मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क:नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**VARSHA MANPOWER PVT. LTD.**

(STAR INTERNATIONAL HUMAN RESOURCE PVT. LTD.)

श्रम ईजाजत नं. ९५४/०६७/६८

Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : CLA SIC ONE RESTURANT TO SERVE MEALS

पूर्व स्वीकृति मिति २०७९/०४/२३ LT. No. 268927 चलानी नं. ६०१८४८२०

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Food Cart Meal Prep | 2 | 0 | 1400 | ४७,५१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Kitchen Utensil Cleaning Agent | 4 | 0 | 1000 | ३३,९४० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाण्डौ, मिति: साउन ३१ गते (16th Aug. 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले **सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने** : नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**YUSHO GLOBAL PVT. LTD.**

श्रम ईजाजत नं. ११८२/०७३/७४

Gausala, Kathmandu, Nepal,Tel: +014489104, 014488104

## मोटरसाईकल हराएको-सूचना

यही मिति २०७९/०४/१५ गते राति १२ बजे सूर्यविनायक, कटुन्जे, चुनदेवी घरमै राखेको ठाउँबाट वागमती प्रदेश ०२-०३३ प ७३२३ नम्बरको कालो रातो रङको २२० सि.सि.को पल्सर मोटरसाईकलहराएको हुँदा पाउनुहुने महानुभावहरुले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरीदिनुहुन अनुरोध गर्दछु ।

**सवारी धनी : न्यू नमस्ते अटो प्रा. लि.**

ईन्जिन नं.: DKXCMH28981
च्यासिस नं.: MD2A13EX2MCH94753
सम्पर्क: 9841612616

## मुसिकोट नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
मुसिकोट, रुकुम (पश्चिम)

## नदीजन्य पदार्थको उत्खनन, संकलन तथा बिक्री वितरण सम्बन्धी बोलपत्र/शिलवन्दी दरभाउ पत्रको सूचना ! ! !

**(पहिलो पटक प्रकाशित मिति : २०७९/०४/२४)**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६२ (क) र ढुंगा, गिट्टी, बालुवा बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ दफा ४(घ) को व्यवस्था बमोजिम सानी भेरी नदीको तपसील बमोजिमका घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन्, संकलन तथा बिक्री वितरण गर्ने गरी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले इच्छुक संस्था, फर्म वा कम्पनीहरुले नवीकरण भएको दर्ता प्रमाण पत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, आ.व. २०७८/२०७९ को कर चुक्ता प्रमाण पत्र वा म्याद थप पत्र र नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपीहरु संलग्न गरी तपसीलको मिति र समयभित्र कार्यालयमा पेश गर्न यो सूचना प्रकाशित गरिएको छ । अन्य शर्तहरु प्रचलित ऐन, नियम, कार्य विधि/मापदण्ड अनुसार हुने छन् ।

**तपसील**

| बोलपत्र/ शिलवन्दी दरभाउ पत्र नं. | नदी बगरको नाम | नदीजन्य पदार्थको परिमाण, घ.फि. | न्यूनतम बोलपत्र रकम रु., मू.अ.कर बाहेक | बोलपत्र दस्तुर | बोलपत्र/ शिलवन्दी दरभाउ पत्र पेश गर्ने अन्तिम मिति, वि.सं. |
|---|---|---|---|---|---|
| बोल./मु.न.पा./न.प.०१)०७८/०७९ | मुग्लुखोला बगर मु.न.पा. ३ | ६६०१२४.०८ | १९८०३७२.२४ | ३०००.०० | २०७९/०५/२४ दिउँसो १२.०० |
| बोल./मु.न.पा./न.प.०२)०७८/०७९ | भलखोला बगर मु.न.पा. १ | ६१९१६४.०० | १८५७४९२.०० | ३०००.०० | २०७९/०५/२४ दिउँसो १२.०० |
| शिल./मु.न.पा./न.प.०१)०७८/०७९ | प्रियतरा (दुरे) बगर मु.न.पा. १४ | ३०४८१९.२० | ९१४४५७.६० | १०००.०० | २०७९/०५/०९ दिउँसो १२.०० |
| शिल./मु.न.पा./न.प.०२)०७८/०७९ | लामिताल बगर मु.न.पा. ०२ | २१३७५४.४६ | ६४१२६३.३९ | १०००.०० | २०७९/०५/०९ दिउँसो १२.०० |
| शिल./मु.न.पा./न.प.०१)०७८/०७९ | गाराघाट बगर मु.न.पा. १ | २३३३७७.२० | ७००१३१.६० | १०००.०० | २०७९/०५/०९ दिउँसो १२.०० |
| धरौटी/जमानत रकम | मु.अ. कर सहित कुल कबोल अंकको ५% ले हुन आउने रकम ने.बै.ली. मुसिकोट शाखामा रहेको **धरौटी खाता नं.** ०७७०३००००३००००००००१ मा जम्मा गरेको सक्कल भौचर वा सो रकम वरावरको शिलवन्दी दरभाउ पत्र भए ७५ दिन तथा बोलपत्र भए १२० दिन म्याद भएको वैंक जमानत पत्र (Bid Bond) | | | | |
| शिलवन्दी/बोलपत्र खोल्ने मिति र समय | **बोलपत्र:** २०७९/०५/२४ दिउँसो १.०० बजे र **शिलवन्दी:** २०७९/०५/०९ दिउँसो १.०० बजे | | | | |

प्रमुख प्रशासकीय अधिकृत

# प्रहरी समायोजन नगरिए आन्दोलन गर्ने चेतावनी



**जनकपुर (प्रस)**– मधेश प्रदेश सरकारले एक साताभित्र प्रहरी समायोजन नगरिए शान्तिपूर्ण अहिंसात्मक आन्दोलन गर्न बाध्य हुने चेतावनीसहित प्रधानमन्त्री शेरबहादुर देउवालाई ध्यानाकर्षण पत्र बुझाएको छ ।

गृह तथा सञ्चारमन्त्री भरतप्रसाद साहको नेतृत्वमा गएको मन्त्रीसहितको टोलीले प्रदेश प्रमुख हरिशंकर मिश्रमार्फत प्रधानमन्त्री देउवालाई एक साताभित्र प्रहरी समायोजन गरी प्रदेश सरकारलाई हस्तान्तरण गर्न प्रदेश प्रमुखमार्फत ध्यानाकर्षण गराएको हो ।

ध्यानाकर्षणपत्र बुझाउने टोलीमा भौतिक पूर्वाधार विकासमन्त्री राम सरोज यादव, कृषिमन्त्री विजयकुमार यादव, उद्योग, पर्यटन तथा वनमन्त्री सत्रुधन महतो, खानेपानी तथा ऊर्जामन्त्री ओमप्रकाश शर्मासहित सहभागी थिए ।

नेपालको संविधानको धारा २६८ ले प्रदेश प्रहरी संगठनको व्यवस्था गरेको तथा अनुसूची ६ को कम संख्या १ मा प्रहरी, शान्ति सुरक्षा सम्बन्धी अधिकार प्रदेश सरकारको क्षेत्राधिकारभित्र छ । प्रदेश सरकारको क्षेत्राधिकारभित्र रहेता पनि प्रहरी समायोजन नहुँदा प्रदेश सरकारले सरकारको अनुभूति गर्न नसकेको हुँदा अविलम्ब प्रहरी समायोजन गरी प्रदेश सरकारलाई हस्तान्तरण गर्न आग्रह गरेको छ । प्रहरी हस्तान्तरणको लागि प्रधानमन्त्रीलाई यसअघि नै ज्ञापनपत्रसमेत बुझाएको स्मरण गराए ।

ध्यानाकर्षण पत्र बुझ्दै प्रदेश प्रमुख मिश्रले ध्यानाकर्षणपत्र आइतबारै प्रधानमन्त्री कार्यालयमा पठाउने जनाए ।

# राष्ट्रिय सभामा तीन प्रतिवेदन पेस

**काठमाडौं (प्रस)**– राष्ट्रिय सभाको सोमबारको बैठकमा तीन प्रतिवेदन पेस भएको छ । बैठकमा प्रधानमन्त्री शेरबहादुर देउवाको तर्फबाट कृषि तथा पशुपक्षी विकासमन्त्री मृगेन्द्रकुमार सिंह यादवले तीन प्रतिवेदन पेस गरेका हुन् ।

बैठकमा पेस भएका प्रतिवेदनमा न्याय परिषद् र न्याय सेवा आयोगको वार्षिक प्रतिवेदन, २०७७/७८, राष्ट्रिय महिला आयोगको चौधौं वार्षिक प्रतिवेदन, २०७७/७८ र महालेखा परीक्षकको ५९ औं वार्षिक प्रतिवेदन, २०७९ पेस गरिएको हो ।

बैठकले 'कारागार विधेयक, २०७६ लाई दफाबार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्' भन्ने प्रस्तावलाई सर्वसम्मतिले स्वीकृत गरेको छ । प्रतिनिधिसभाको सन्देशसहित प्राप्त उक्त विधेयक गृहमन्त्री बालकृष्ण खाणले उक्त समितिमा पठाइयोस् भन्ने प्रस्ताव प्रस्तुत गरेका थिए ।

राष्ट्रिय सभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले राष्ट्रपति कार्यालयबाट प्राप्त प्रमाणीकरण विधेयक पढेर सुनाए । प्रमाणीकरण भएको विधेयक 'मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय विधेयक, २०७६' हो । उक्त विधेयक यही साउन १८ गते राष्ट्रपति विद्यादेवी भण्डारीले प्रमाणीकरण गरेकी थिइन् ।

## कांग्रेसको...

पृष्ठ १ बाट जारी

त्यसकारण एकल बहुमत ल्याउने कांग्रेसको योजना गठबन्धन गर्दा सफल हुने देखिँदैन ।

२०७४ को प्रदेशसभा र प्रतिनिधिसभाको निर्वाचनमा मुख्यगरी दुई ठूला वाम दल नेकपा एमाले र नेकपा माओवादी केन्द्रले चुनावी तालमेल गरेका थिए । चुनावपछि पार्टी एकता गर्ने घोषणासहित एमालेले ६० र माओवादीले ४० प्रतिशत सिट बाँडफाड गरेर चुनावी तालमेल गरेका थिए । उक्त निर्वाचनमा एमालेले प्रतिनिधिसभामा प्रत्यक्षतर्फ ८० र समानुपातिकतर्फ ४१ सिट जितेको थियो । यस्तै, माओवादी केन्द्रले प्रत्यक्षतर्फ ३६ र समानुपातिकतर्फ १७ सिट जितेको थियो ।

यी दुई दलले चुनावपछि २०७३ जेठ ३ गते पार्टी एकता पनि गरे । तर, दुई पार्टीको एकतापछि बनेको नेकपाभित्रको अन्तरविरोध र नेकपा नाम विवादमा (ऋषि कट्टेलले दायर गरेको मुद्दामा) सर्वोच्च अदालतले २०७७ फागुन २३ गते सुनाएको फैसलापछि एकता भंग भयो । दुई पार्टी पुरानै अवस्थामा फर्किए ।

तर, अहिले एमाले सग्लो छैन । माओवादी पनि आंशिकरूपमा सग्लो छैन । माओवादी केन्द्रका रामबहादुर थापा, टोपबहादुर रायमाझी, लेखराज भट्ट, प्रभु साह, मणि थापालगायतका नेताहरू नेकपा विभाजनपछि एमालेमै बसे भने माधवकुमार नेपालले २३ जना सांसद लिएर नयाँ पार्टी गठन गरे- एकीकृत समाजवादी । जुन दल अहिले सरकारमा सहभागी छ ।

अघिल्लो निर्वाचनमा प्रतिनिधिसभातर्फ संघीय समाजवादी फोरम नेपालले प्रत्यक्षमा १० र समानुपातिकमा छ सिट जित्दा राष्ट्रिय जनता पार्टी नेपाल (राजपा)ले प्रत्यक्षतर्फ ११ र समानुपातिकतर्फ छ सिट जितेको थियो । राष्ट्रिय प्रजातन्त्र पार्टी, राष्ट्रिय जनमोर्चा, नयाँ शक्ति पार्टी नेपाल, नेपाल मजदुर किसान पार्टी र स्वतन्त्रले प्रत्यक्षतर्फ एक/एक सिट जितेका थिए ।

प्रदेशसभातर्फ पनि तत्कालीन वाम गठबन्धन नै पहिलो बनेको थियो । निर्वाचन आयोगका अनुसार उक्त निर्वाचनमा एमालेले प्रत्यक्षतर्फ १६८ र समानुपातिकतर्फ ७५ सिटमा जित हात पारेको थियो । माओवादी केन्द्रले प्रत्यक्षतर्फ ७३ र समानुपातिकतर्फ ३५, कांग्रेसले प्रत्यक्षमा ४१ र समानुपातिकतर्फ ७२, संघीय समाजवादी फोरम नेपालले प्रत्यक्षमा २४ र समानुपातिकमा १३ सिट जितेको थियो ।

यसैगरी, राष्ट्रिय जनता पार्टी नेपाल (राजपा)ले प्रत्यक्षतर्फ १६ र समानुपातिकतर्फ १२ सिट जितेको थियो । स्वतन्त्र तीन, राष्ट्रिय प्रजातन्त्र पार्टी प्रत्यक्षमा शून्य र समानुपातिकमा तीन, राष्ट्रिय जनमोर्चा प्रत्यक्षमा दुई र समानुपातिकमा पनि दुई सिटमा विजयी भएको थियो । नयाँ शक्ति नेपाल प्रत्यक्षतर्फ दुई र एक तथा नेपाल मजदुर किसान पार्टी प्रत्यक्षतर्फ एक र समानुपातिकतर्फ पनि एक सिटमा निर्वाचित भएका थिए ।

## सिसडोलकै...

पृष्ठ १ बाट जारी

भइरहेको छ । विभागले जिम्मेवारीमा तीनपिप्लेबाट सिसडोसम्म छ किलोमिटर र सिसडोलबाट तीन किलोमिटर सडक रहेको छ । सिसडोलको फोहोरभन्दा उता सडक राम्रो अवस्थामा रहेको प्रमुख राईले बताइन् । सिसडोडमा २०० मिटर सडकमा समस्या रहेको छ । अहिले फोहोरमाथि ग्याबिन वाल बनाएर सवारीसाधन जान सकिने गरी सडक बनाउन लागिएको हो । वर्षाको समयमा सडक हिलोले भासिने समस्या रहेको उनले बताइन् । 'सडक साँघुरो छ । फोहोरको डंगुरमाथि लैजानुपर्छ,' उनले भनिन् ।

नयाँ केन्द्रमा फोहोर लैजानका लागि पनि सोही सडक समस्याका रुपमा रहेको छ । हाल प्रयोग भइरहेको सडक बनाइने र वैकल्पिक बाटोको बारेमा पनि कुराकानी भइरहेको प्रमुख राईले बताइन् । पहिले निर्माण गर्दा यो सडक पनि बस्तीभन्दा बाहिर बनाइएको भए पनि बाटो बनेपछि बस्ती आएको उनले बताइन् । कहिले स्थानीयवासीको अवरोधका कारण त कहिले सडक मर्मत भइरहँदा फोहोर नियमित जान सकिरहेको छैन । दैनिक चार/पाँच घण्टा रोकिँदा पनि काठमाडौंमा फोहोर प्रभावित हुने र समस्या बढ्ने उनले बताइन् । उपत्यकाबाट शनिबार २४३ ट्रक, शुक्रबार १७० ट्रक र बिहिबार २४० ट्रक फोहोर बञ्चरेडाँडा लगिएको थियो । उनले भनिन्, 'बञ्चरेडाँडासम्म पुग्न धेरै अवरोध पार गर्दै जानुपर्छ ।'

स्थानीयवासीको समस्या सम्बोधनका लागि महानगरपालिकाले दैनिक रुपमा ट्याकरबाट सडकमा पानी हाल्दै आएको छ । सिसडोलमा फोहोर विसर्जन गर्दादेखि नै वर्षाको समयमा उपत्यकामा फोहोरको समस्या बढ्ने गरेको हो । पहिले सिसडोलमा लैजाँदा र अहिले बञ्चरेडाँडामा लैजाँदा सडकको समस्या करिब-करिब उस्तै रहेको प्रमुख राईले बताइन् । *रासस*


**Narainapur Rural Municipality**

**Office of Rural Municipal Executive**

**Narainapur, Banke**

**Lumbini Province, Nepal**

## Invitation for Electronic Bids

**IFB No: NRM/WORKS/NCB/BUILDING/1-2079/080**

**First Date of Publication : 2079/04/23 (08/08/2022)**

**Deadline for Bid: 12:00 hours on 2079/05/22 (07/09/2022)**

1. The Government of Nepal [GoN] ***has allocated funds*** towards the cost of ***Construction of Eight Room School Building in Mahateniya Village-01, Banke*** and intends to apply part of the funds to cover eligible payments under the Contract ***Construction of Eight Room School Building in Mahateniya Village-01, Banke*** of ***NRM/WORKS/NCB/BUILDING/1-2079/080*** Bidding is open to all eligible as per Section V of bidding document.
2. ***Narainapur Rural Minicipality*** invites electronic bids from eligible bidders for ***Construction of Eight Room School Building in Mahateniya Village-01, Banke*** under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures. Only eligible bidders with the following key qualifications should participate in this bidding:

| Name of Project | Contract ID No. | Price of Bid Document | Bid Security Amount | Average Annual Construction Turnover of the best 3 years within last 10 years | Bid Capacity | Specific Construction Experience | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | Minimum Work Experience of Similar Size & Nature | Construction Experience in Key Activities |
| Construction of Eight Room School Building in Mahateniya Village-01, Banke | NRM/ WORKS/ NCB/ BUILDING /1-2079/080 | NRs. 5,000/- | NRs. 8,00,000/- | NRs. 40.23 Million | NRs. 27.05 Million | At least One Project of worth NRs. 10.73 Million | Completion of at least one Project on Building with -100.76 Cum of Brick Masonry Works - 90.04 Cum of M20 Concrete works - 20.63 MT Rebar Works - 663 Sqm of Foamworks |

3. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other, (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 21 of the Bidding Document.
4. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of
   **Name of Office: Narainapur Rural Municipality**
   **Address: Narainapur, Banke, Telephone: +977-9848073376**
   **Email: narainapur.rm073@gmail.com** or may visit PPMO e-GP system ***www.bolpatra.gov.np/egp.***
5. Bidder may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of ***NRs. 5,000.00*** for bidding document in the Project's Rajaswa (revenue) account as specified below.
   **Information to deposit the cost of bidding document in Bank:**
   **Name of the Bank:** Sunrise Bank Limited
   **Name of the office:** Narainapur Rural Municipality, Narainapur, Banke
   **Office Code No.:** -
   **Revenue Account No.:** 0740488087703006, **Revenue Heading No.:** 14229
   and the scanned copy (*.pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.
6. Pre-bid meeting shall be held at the office as mentioned in Narainapur Rural Municipality, Narainapur, Banke ***at 13:00 hours*** on **2079/05/13 (29/08/2022)**
7. Interested bidders should submit the bids **Electronically** only through e-procurement portal **http://www.bolpatra.gov.np/egp** only on or before **2079/05/22 (07/09/2022)** ***12:00 hours.*** Bidders are required to follow the electronic bid submission procedure as specified in e-GP System, Operating Guideline 2073 and User manuals issued by PPMO which are available in e-GP system. Bids received after this deadline will be rejected.
8. The Electronics bids will be opened in the presence of Bidders' representatives who choose to attend at **2079/05/22 (07/09/2022)*****13:00 hours*** at the office as mentioned. Non-attendance of any or all of the Bidder's representatives shall not hinder the opening of the Bids. Bids must be valid for a period of ***90 days*** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of ***NRs. 8,00,000.00*** which shall be valid for 30 days beyond the validity period of the bid. ***Bidder who choose to deposit cash as bid security account is mentioned below:***
   ***Name of the Bank: Sunrise Bank Ltd.***
   ***Office Name:*** Narainapur Rural Municipality, Narainapur, Banke
   ***Deposit Account No:*** 0740488087701004 ***(Dharauti khata)***
9. If the last date of submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
10. Matters not covered in this tender notice shall be in accordance with Public Procurement Act, 2063 and Public Procurement Regulations, 2064 and other prevailing rules and regulations of Nepal.

**Bharat Basnet**

**(Act. Chief Administrative Officer)**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# मूल्य समायोजन खै ?

भारतको इण्डियन आयल कर्पोरेसन (आइओसी)ले पेट्रोलियम पदार्थको मूल्य बढाएर पठाउनेबित्तिकै नेपाल आयल निगमले नेपालमा यसको मूल्य बढाउँछ । तर, मूल्य घटेर आउँदा भने मूल्य घटाउन निगम हत्तपत्त तयार हुँदैन । यसको उदाहरणका रूपमा पछिल्लो घटनालाई लिन सकिन्छ ।

आइओसीले दुईपटक मूल्य घटाएर पठाइसक्दा पनि नेपाल आयल निगमले मूल्य समायोजन गरेको छैन । विभिन्न विद्यार्थी संगठन र यातायात व्यवसायीले समेत मूल्य समायोजन गर्न दबाब दिँदै आएका छन् । तर, निगम सुनेको नसुन्यै गरेर बसेको छ । बरू जवाफ दिन्छ– निगमलाई अर्बौं घाटा भइरहेकोले मूल्य समायोजन गर्न सकिँदैन । निगमको यो जस्तो लाचारीपन अरू के हुन सक्ला ; निगमले अझै पनि १५ दिनको नोक्सानी ६३ करोड ५८ लाख रुपैयाँ रहेको बताएको छ ।

यातायात व्यवसायी राष्ट्रिय महासंघले कोरोना कहरका कारण ठूलो आर्थिक व्ययभार खेपेका यातायात व्यवसायीलाई राहत दिनुको सट्टा अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्य घट्दा नेपालमा समायोजन नहुनु दुःखद् रहेको बताएको छ । सार्वजनिक सवारीसाधनको कर, बैंकको ब्याज, रुट इजाजत दस्तुर, जाँचपास बिमा, सवारीसाधनका इजिनको मूल्य अत्यधिक बढिरहेको छ तर, मूल्य समायोजनका सरकार उदासीन देखिएको छ ।

यो विषयले संसद्मा पनि प्रवेश पाएको छ । अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्य घटिसकेको सन्दर्भमा नेपालमा पेट्रोलियम पदार्थको मूल्य समायोजन गरी तत्काल घटाउन सांसदहरूले समेत सरकारको ध्यानाकर्षण गराएका छन् । राष्ट्रिय सभाको सोमबारको बैठकको विशेष समयमा बोल्ने सांसदहरुले भारतबाट पेट्रोलियम पदार्थको मूल्य दुई पटक घटेर आइसकेको तर, नेपालमा मूल्य समायोजन नभएको भन्दै तत्काल मूल्य घटाउन सरकारको ध्यानाकर्षण गराएका हुन् ।

सरकार जनताको अभिभावक हो । तर, यहाँ सरकार यो दायित्वबाट विमुख भएको देखिन्छ । महँगी अचाक्ली बढिरहेको छ, सरकार त्यसलाई नियन्त्रण गर्न ध्यान दिँदैन । पेट्रोलियम पदार्थको मूल्य घटेर आउँदा पनि समायोजनामा चासो राख्दैन । सरकारले जनताका समस्याप्रति कम चासो दिइरहेको छ । पेट्रोलियम पदार्थको मूल्यको असर सर्वसाधरणको भान्सादेखि दैनिकीसम्म पर्ने भएकाले सरकारले यसमा गम्भीर ध्यान दिन जरुरी छ । आयल निगम वर्षौं घाटामा छ भन्न छोड्दैन तर, कर्मचारीलाई बोनस बाँड्छ । सरकार यस्ता विषयमा किन आँखा चिम्लेर बसेको अचम्म लाग्छ ।

हाल नेपाली बजारमा पेट्रोलको मूल्य प्रतिलिटर १८१, डिजेल/मट्टीतेल १७२ र खाना पकाउने ग्यास प्रतिसिलिण्डर १८ सय रूपैयाँ छ । इन्धनमा गरिएको मूल्यवृद्धि वा घट्नुको प्रभाव केवल यसका उपयोगकर्तालाई मात्र पर्दैन । यसले चौतर्फी असर गर्छ । हरेक नागरिकको दैनिकीमा प्रत्यक्ष असर गर्छ । इन्धनको मूल्य बढ्दा दैनिक उपभोग्य वस्तुमा पनि मूल्य बढ्छ । यसै त अहिले पनि दैनिक उपभोग्य वस्तुमा चर्को मूल्य तिर्न बाध्य भइरहेका छन् । यस्तो अवस्थामा मूल्य समायोजना हुँदा जनताले राहतको महसुस गर्ने थिए । जनताका समस्यालाई उचित सम्बोधन गर्ने, जनताको दैनिकीलाई सहज, सरल र सुविधायुक्त बनाउने दायित्व सरकारको हो । नेपालको संविधान गास, बास र कपासलाई मौलिक हकका रूपमा व्यवस्था गरेको छ । तर, सरकारको लाचारीपनले यी विषय केवल अक्षरमा मात्र सीमित रहेको आमनागरिकलाई आभाष भइरहेको छ । सरकारले यस विषयमा तत्काल ध्यान दिई मूल्य समायोजन गर्नुपर्छ ।

## मनन्योग्य

### विदुर नीति

जुन आचार-व्यवहार आफ्नो अनुकूल छैनन्, त्यस किसिमका आचार-व्यवहारहरु अरुको निमित्त पनि गर्नुहुँदैन । संक्षेपमा यहि नै धर्म पनि हो । यसका अत्तिरिक्त कामनाद्धारा हुने प्रवृत्ति भन्नु अधर्म नै हो ।

क्रोधलाई प्रेम र शान्त स्वभावले, दृष्ट, मानिसलाई आफ्नो उत्तम व्यवहारले कन्चुस मानिसलाई दानद्धारा परास्त पार्नुका साथै असत्यउपर सुत्यले विजय गरोस् । स्त्री, धूर्त, अल्छी, कातर, रिसाहा, बलको तुजुक देखाउने, चोर, कृतध्न (उपकार न सम्झने) र नास्तिक, व्यक्तिलाई विश्वास गर्नुहुँदैन । जसले सधैंभरि आफ्ना मान्यजनलाई ढोग्दछ, तथा सेवामा लागिरहन्छ, उसका आयु, ज्ञान, कीर्ति र बल यी चारै कुरा बढ्दछन् । जुन धर्म कमाउनका लागि ज्यादै नै दुःख र कष्ट गर्नुपर्दछ । धर्म छाड्नुपर्ने शत्रुसँग नतमस्तक (झुक्नु) हुनुपर्ने भएका त्यसरी धन कमाइ गर्नेथर्फ मानिसले मन नै लगाउनुहुँदैन ।

बिद्याविहबनि मनुष्य, सन्तान जन्माउन नसक्ने मनुष्य, भोकभाकै बस्नुपरेको जनता अनि राजा, (शासक) नभएको मुलुक आदिमा लागि विषेश सोच लिन नै वाञ्छनीय छ । धेरै बाटो हिंडिरहनु देहधारी (मनुष्यजन) का लागि दुःख बुढ्याइँ (कमजोर) हो पानी परिरहनु पहाड पर्वतहरुको बुढापा (कष्ट) हो । सम्भोग (मैथुन) गर्न नपाउनु नारीको बुढ्याइँ (पीडा) निम्त्यानु हो । दिनुहुँ पाठ गरिएन वा अभ्यास गरिएन भने वेद काम लाग्दैन । मल समान हुन जान्छ । ब्रत अनुष्ठान वा ब्राह्मणोचित नियमलाई पालना नगर्नु ब्राह्मणका लागि दोष या मल हो । मरुभूमि वा बलौटे (बाल्हीक भूमि) पृथ्जीको मल (रोग) हो । मानिसका लागि मल समान कमजोरी हो । विदेशमा लाग्ने (पति) विना बस्नु स्त्री वा पत्नीका लागि मल झैं भई सतीत्व जोगाउन कठिन हुन्छ ।

सुनको मल (मिसाउन योग्य वस्तु) चाँदी हो । चाँदीको मल (राङ) टिन हो, टिनको मल सिसा हो । सिसाको मल त्यसको मल त्यसबाटै चुहिएको कालो झोल वा मयल फोहर हो । सुतेरै निद्रालाई जित्ने प्रयास नगर्नु । सम्भोग गरी स्त्रीलाई तृत्त गराउँछु भन्ने कुराको पत्यार नगरे हुन्छ । दाउरा थपीथपी आगोलाई शान्त पार्छु भन्ने पनि नसोचे हुन्छ । साथै बेलाबेलामा धेरै रक्सी खाएर आफ्नो पियक्कड बानी (जँड्याहा स्वभाव) उपर कावू पाउँछु कि भन्ने ठानेर लागिपर्नु वा प्रयार गर्नु बेकार छ । जसले दानद्धारा मित्रलाई आफ्नो प्रभावमा पारेको छ । लडाइँमा शत्रुहरुलाई परास्त गरेको छ । खानपानद्धारा स्त्रीहरुलाई चित्त बुझाउने गरेको छ भने त्यस्तो व्यक्तिको व्यक्तिको जीवन नै सफल जीवन हो । जसले हजार रुपैयाँ खेलाउँछ, बाँचेकै छ । अनि जोसँग सय रुपैयाँ छ, ऊ पनि बाँचेको नै छ । यसैले हे राजन् धृतराष्ट्र ! तपाईले धेरै लोभ छाडिदिनुपर्यो, यसो गर्दा कुनै न कुनै पनि रुपले जीवन निर्वाह त हुने नै छ । लोभी वा लालचीलाई जतिसुकै भए पनि पुग्दैन । समस्त भूमण्डलमा जति पनि चामल पीठो आदि (अन्न), सुनचाँदी (धन), पशु पंछी र सुन्दर नारीहरु छन् ती सबैलाई नै पाउँदा पनि लोभी मान्छेलाई सन्तोष हुँदैन । यहि शाश्वत् तथ्य बुझेर बुद्धिमान् मानिस लोभमा फस्दैन । हे रावन् धृत्तराष्ट्र ! म फेरि पनि भन्दछु कि तपाई आफ्ना र पाण्डूका छोराहरुबीच समान भावना लिनुहुन्छ भने दुवैसँग एकै नाशले व्यवहार गर्नुहोस् । **क्रमश :**



▶▶ पदम श्रेष्ठ

# मनोरञ्जन क्षेत्रकी श्रमिक हुँदै अभियन्तासम्म

१९ वर्ष अगाडिसम्म रात्रिकालीन मनोरञ्जन क्षेत्र (होटल, रेस्टुरेण्ट, डान्स बार, मसाज पार्लर) मा काम गर्ने विशेषगरी महिलालाई समाजमा हेर्ने दृष्टिकोण सम्मानयोग्य थिएन । यस क्षेत्रका श्रमिक प्रायः ढिलोगरी राति २–३ बजे मात्र डेरा पुग्ने हुँदा पनि कतिपय घरधनीले ढोका नखोल्ने र होटल रेस्टुरेण्टमा काम गर्ने भन्नासाथ नराम्रो काम भन्ने ठानेर कोठा खाली गर्न लगाउने, भाडामा नदिनेलगायत समस्या थियो ।

अर्कोतर्फ सञ्चालकहरुले आठ घण्टाको ठाउँमा १६ घण्टासम्म काममा लगाउने, ज्यादै थोरै पारिश्रमिक पनि महिनौं झुलाउने गर्दथे । यस्तो स्थितिमा श्रमजीवीहरुले कतिपय रेस्टुरेण्ट सञ्चालकहरुको श्रीवृद्धि हुनेगरी ग्राहकको इच्छा अनुसारको धूमपान, पेयपदार्थ र खानेकुरा र धेरैभन्दा धेरै खानेकुरा अर्डर गरेर खाइदिनुपर्ने अवस्था थियो । वैकल्पिक पेसा पनि थिएन । बेरोजगारीको विशाल खाडलभित्र मैले आफूलाई विद्रोह गरी मनोरञ्जन क्षेत्रभित्रै श्रमजीवीलाई सम्मान र श्रम ऐनअनुरुप पारिश्रमिक दिलाउने कठिन मार्गमा उभ्याएँ ।

**संघर्षका दिनहरू**

नाम मात्रको 'मनोरञ्जन क्षेत्र' । त्यहाँ कार्यरत लाखौं श्रमजीवी, कलाकार, प्राविधिक कामको बोझ र उचित पारिश्रमिकको अभावमा दुःखी भइरहन्छन् । मिठोमसिनो खान पाएकै छन्, गीत, नृत्य, बत्तीको झिलिमिली, बाजागाजाबीच काम गर्न पाउने देखिए पनि श्रमिकका हाँसोभित्र पीडा देखेँ–भोगेँ, श्रमभित्र शोषण पाएँ । त्यहाँ काम गर्नुको बाध्यात्मक परिस्थिति भेट्टाएँ मैले । यसबाट मुक्तिका लागि केही गर्न सकिन्छ कि भनेर १०५ रुपैयाँ तिरेर मजदुर संगठन डिकोण्टको सदस्यता लिएँ ।

अप्रत्यक्ष राजनीतिक सपोर्ट पनि भयो होला तर म चाहन्थें, श्रम ऐनअनुसारको श्रमिकलाई आठ घण्टा काम, आठ घण्टा आराम र आठ घण्टा मनोरञ्जनको ग्यारेण्टी गर्नसाथ सहयोग र भरोसा मिलोस् । यस्तो अधिकार माग्न पनि ट्रेड युनियन शिक्षा र जीवनोपयोगी तालिम आवश्यक रहेछ भन्ने महसुस भयो र माइती नेपालको सम्पर्कमा पुगी निर्देशक अनुराधा कोइरालाबाट मार्गनिर्देशन र जीवनउपयोगी तालिम लिइयो । त्यो तालिमपछि मात्र थाहा भयो कि संगठित आवाजविना केही पनि अधिकार प्राप्त नहुने रहेछ । यस क्षेत्रमा आफ्नो समय र श्रम बेच्न आएका महिलाबाट नचाहिँदो फाइदा उठाउन खोज्ने प्रवृत्तिविरूद्ध अभियान थाल्न हामीलाई हौसला मिल्यो ।

**महिला श्रमिकको संगठित गतिविधि**

वि.सं. २०६३ सालमा माइती नेपालबाट जीवनोपयोगी शिक्षा प्राप्त गरी मेरै अध्यक्षतामा संगठित भयौं । हामीले ५० जना संस्थापक सदस्यतासहित संगठन खोल्यौं । संस्थाको नामसमेत नराखी हामी संगठनको पहल मात्र गरिरहेका थियौं । हाम्रो लक्ष्य यस क्षेत्रमा बालश्रमको अन्त्य, वृत्ति विकासका लागि शिक्षा, तालिमको व्यवस्था र मनोरञ्जन क्षेत्रमा हुने यौन दुर्व्यवहार, मानव बेचबिखनको अन्त्य गर्नु थियो ।

यी आवाज सम्बोधनका लागि हामीले वैचारिक आन्दोलन छेड्ने सोच बनायौं । तर, नेपाल सरकारको जिल्ला प्रशासनमा दर्ता हुनुपर्ने रहेछ, विभिन्न निकायबाट बजेट ल्याउनका लागि । माइती नेपालकै सहयोगमा नौ जनाको कार्यसमितिसहित वि.सं. २०६३ मा काठमाडौंको टेबहालमा रेस्टुरेण्ट महिला संगठनको नामाकरण गर्‍यौं । तर, आर्थिक अभावकै बाबजुद पनि हामीले सिन्धुपाल्चोकमा सडक नाटकको माध्यमबाट कार्यक्षेत्रमा हुने विविध प्रकारका हिंसा, मजदुर अधिकारबारे जनचेतना प्रवाह गर्थ्यौं ।

त्यत्तिखेर हाम्रो हातमा अहिलेजस्तो फोन थिएन । मिटिङ, भेटघाट गर्ने अफिस नभएपछि रत्नपार्क, टुँडिखेलका चौरहरूमा भेला भएर मिटिङ गर्थ्यौं । तर, रत्नपार्कमा मिटिङ बस्दा त हामीलाई पनि नराम्रो नजरले हेर्ने डर भयो । त्यो कुरा थाहा भएपछि हामीले मिटिङ सुन्धाराको निर्माणाधीन सिभिल मलमा राख्न थाल्यौं । हामीमा पेसालाई सम्मानयोग्य समाधान खोज्नुपर्छ भन्ने दृढ निश्चय थियो र त्यो पूरा गर्ने संकल्प थियो । त्यही लक्ष्य पूरा गर्छु भन्ने विश्वासले अगाडि बढ्दै जाँदा माइती नेपालकी संस्थापक सिएनएन हिरो अनुराधा कोइरालाबाट एक लाख ५० हजार रुपैयाँ अनुदान उपलब्ध गराइदिनुभयो । त्यही पैसाले तीन हजार ५०० रुपैयाँ प्रतिमहिना तिर्ने गरी टेबहालमा एउटा कोठा लिएर कार्यालय चलाउन थाल्यौं ।

**विश्वास नेपालको नामकरण र अधिकारको आन्दोलन**

त्यही कोठाको बैठकले रेस्टुरेण्ट, महिला संगठनको नाम विश्वास नेपाल राख्ने तय गर्‍यौं । लामो दौडधुपपछि २०६५ असारमा संस्था दर्ता गर्न सफल भयौं । विश्वास नेपालको ब्यानरमा पहिलोपटक आफैं कार्यरत रेस्टुरेण्टमा श्रम ऐन कार्यान्वयन, मनोरञ्जन क्षेत्रमा काम गर्ने श्रमिकको सम्मान हुनुपर्ने, बालमजदुर राख्न नपाइनेलगायत माग राखेर ८५ जना कर्मचारीमध्ये १० जनाले तीन दिनसम्म हडताल गर्‍यौं । यसबीच डर, धाकधम्की दबाबहरू धेरै आए । हाजिर मात्र गरेर तलब दिने लोभ पनि दिए । १० जनामध्ये दुई जना आन्दोलनबाट पछि हटे । हामी आन्दोलनमा अडिग भयौं । रेस्टुरेण्ट पूर्णरूपमा बन्द गरायौं । हाम्रो मागको सम्बोधन गर्ने भनेर वार्ता गरेपछि हडताल फिर्ता लियौं । तर, त्यसको १५ दिनपछि नै माओवादी संगठनले चन्दाको माग गर्दै रेस्टुरेण्टमा हस्तक्षेप गरेपछि हामीले नै उनीहरूसँग वार्ता गरी रेस्टुरेण्ट खुलाएपछि रेस्टुरेण्ट साहु स्टालिन शेरचन हामीप्रति सकारात्मक र सहयोगी बन्नुभयो । हाम्रो आन्दोलन श्रमिक र व्यवसायलाई सम्मानित रोजगारी पाउनु थियो । कामको सम्मान गर्ने हाम्रो प्रतिबद्धता साहुले पनि बुझ्नुभयो ।

**अधिकारको आन्दोलनलाई देशव्यापी बनाउने थालनी**

आन्दोलनको प्रतिफललाई विश्वासको आधारमा स्थापित गराउनु हाम्रो अभियान थियो । जसका लागि विश्व शिक्षा कार्यक्रम प्रमुख जालपा प्रधानलाई मौखिकरूपमै आग्रह गर्दा उहाँले जीवनोपयोगी तालिमका लागि चिन सरसँग भेट्टाइदिनुभयो । उहाँले तत्काल तीन लाख रुपैयाँ उपलब्ध गराइदिनुभयो– त्यो पैसाले मरूभूमिमा प्यासीलाई पानीको काम गर्‍यो । त्यत्तिबेला संस्थाको कार्यक्रमका लागि योजना पेस गर्न, आर्थिक सहयोगको माग गर्न लेटरप्याडमै निवेदन लेख्नुपर्ने कुरा सिकियो ।

माइती नेपालकै ब्रोसियर हेरेर विश्वास नेपालको पनि ब्रोसियर बनायौं । जीवन बाँच्ने आधार तालिम दिन हामीले त्यही लेटरप्याडमा हातैले लेखेर रेस्टुरेण्टहरूसँग एक दिनको बियर, रक्सीका खाली बोतल संस्थाको आर्थिक सहयोगका लागि माग्यौं । त्यही बोतल बेचेर आएको पैसाले देशभरबाट राजधानी आएका श्रमिकलाई तालिम दियौं । तालिम प्राप्त श्रमिकहरूको सहभागितामा उपलब्धिहरू थपिँदै थियो । त्यहीबेला मेरो घरको स्थितिले म वैदेशिक रोजगारीमा जानुपर्‍यो ।



> आन्दोलनको प्रतिफललाई विश्वासको आधारमा स्थापित गराउनु हाम्रो अभियान थियो । जसका लागि विश्व शिक्षा कार्यक्रम प्रमुख जालपा प्रधानलाई मौखिकरूपमै आग्रह गर्दा उहाँले जीवनोपयोगी तालिमका लागि चिन सरसँग भेट्टाइदिनुभयो । उहाँले तत्काल तीन लाख रूपैयाँ उपलब्ध गराइदिनुभयो– त्यो पैसाले मरूभूमिमा प्यासीलाई पानीको काम गर्‍यो ।

**स्ट्रवेरी टिप्न पोल्याण्ड**

थोरै समयमा अधिक पैसा कमाइ गर्न वैदेशिक रोजगारीमा जाने निर्णयसहित साढे पाँच लाख रुपैयाँ तिरेर पोल्याण्ड जान तयार भएँ । मेरा घरमा स–साना भाइबहिनी, रोगी बुबाआमा । आर्थिक भरथेगका लागि संगठित संस्थालाई साथीको भरोसामा छोड्ने सोच बनाएँ । मसहित २२ जना नेपालीहरू भारत पुगी २२ दिन बस्दा बल्ल तीनजनाको पोल्याण्डका लागि भिसा लाग्यो । त्यसमध्ये म पनि परें ।

हामीलाई स्ट्रवेरी टिप्न लगिएको थियो । त्यो काम त मौसमी रहेछ । एक महिना स्ट्रवेरी टिपेपछि त्यो काम सकिहाल्यो । त्यत्रो ऋण गरी गएको छु, घरको जिम्मेवारी पनि । त्यसपछि फेरि काम खोज्नुपर्‍यो । स्वदेशमै श्रमको सम्मान गरौं भन्ने अभियन्ता थिएँ तर, युरोपियन मुलुकको पुछारमा झण्डै प्राणमात्र धान्न बाध्य भएँ म । धन्न काम खोज्दै ऋणसम्म तिरें । यता नेपालमा आफ्नो अभियान लथालिंग । आफू आइन्जेल जसरी नि अफिस धान्नका लागि पोल्याण्डमा कमाएको पैसा कोठाभाडा तिर्न पठाउँदै थिएँ तर, घरमा बुबा निक्कै बिरामी हुनुभएछ । त्यहीबेला जाने/आउने दुईतिरकै टिकट काटेर नेपाल आएँ । बुबाको निधन नै भयो, र संस्थाको विजोग देखेर म नेपालमा नै रोकिएँ ।

संघ संस्थाबाट सहयोग माग गर्ने कला सिकें । संगठित र श्रमिकलाई आफ्नो अधिकारबारे बुझाउँदै काम गर्दा सकारात्मक परिवर्तन भइरहेका छन् तर व्यवसायको लगानी सुरक्षाका लागि सरकारको नीतिगत सहयोग चाहिन्थ्यो । निजी क्षेत्रले लगानीको नाफा खोज्नु स्वाभाविक नै हो । यस क्षेत्रमा रोजगारीको प्रसस्त सम्भावना छ, तर श्रम ऐन कार्यान्वयन भएको पाइँदैन । नागरिकता, जन्मदर्ता नै नभएका थुप्रै बालश्रमिक, किशोरी, महिलाले काम गर्ने यस क्षेत्रका श्रमिकलाई कम्तीमा आफ्नो अधिकार र दायित्व, सीप सिकाउँदै उनीहरूको विश्वास जित्ने प्रयास निरन्तर जारी छ ।

हाल सम्मान परियोजना, विनरक, विश्व शिक्षा परियोजना अन्तर्गत काम चलिरहेको छ । मनोरञ्जन क्षेत्रमा काम गर्ने देशभरकै करिब आठ लाख श्रमिकको हकहितको आवाज बुलन्द गर्न विश्वास नेपालले राष्ट्रव्यापी दोस्रो श्रमिक सम्मेलन गर्न सफल भएको छ । यस सम्मेलनबाट 'विश्वास प्रेरणा राष्ट्रिय सञ्जालको गठन र यस क्षेत्रमा संलग्न बालश्रमिकको हितका लागि एकता र आवाज गरी दुई बाल क्लव गठन गरिएका छन् । यसमार्फत श्रमिक र बालबालिकालाई संगठित बनाउने र अधिकारबारे बुझाउने अभियानमा विश्वास नेपालले काम गरिरहेको छ । बाल श्रमिकका परिवारलाई साना उद्यम गर्न आर्थिक सहयोग र बाल श्रमिकलाई सामुदायिक विद्यालयमा पढ्न आर्थिक सहयोगसमेत गर्दै आएको छ ।

*(मनोरञ्जन क्षेत्रमा कार्यरत श्रमिक अधिकारका लागि काठमाडौंको टेवहालमा स्थापित विश्वास नेपालकी अध्यक्ष तारा भण्डारीसँगको कुराकानीमा आधारित) ।*

## पत्र–मञ्जुषा

# वित्तीय संस्थामा बचत गर्दा सचेत बनौं

मुलुकभर वा राजधानीमा सञ्चालित बैंकहरुबाट धमाधम पैसा निकाल्ने क्रम जारी छ । एक महिनादेखि बैंकहरुमा पैसा निकाल्नेको भीड लागेको छ । आफ्नो बचत निकाल्न बचतकर्ताहरुलाई हतारो छ । झण्डै २५ दिन अगाडि एकैदिन ६३ अर्ब रुपैयाँ जनताले बैंकबाट निकाले । केही साताअघि २८ अर्ब र केही दिनअघि १८ अर्ब निकालियो । भकाभक पैसा निकाल्दा बैंकहरु टाट पल्टिसकेका छन् ।

तर, यसरी पैसा निकाल्नुको रहस्य के होला त ? बैंक पुग्दा निकाल्ने मात्र भेटिन्छन्, डिपोजिट गर्ने शून्यझैं भइसकेको छ । पछिल्लो समय सहकारीहरु अर्बौं रुपैयाँ लिएर भागिरहेका छन् । जसको त्रास जनताहरु देखिएको छ । सहकारीपछि बैंक पनि भाग्ने त होइन भनेर जनताको मनमा परिसकेको छ । त्यसैले पनि पैसा निकाल्नेको भीड लागेको बुझिन्छ ।

निजी बैंकले धेरै ब्याज दिन्छ तर विश्वासनीयता छैन । सरकारी बैंकले ब्याज नै थोरै दिन्छ । बैंकबाट यसरी पैसा निकालेर अब कहँ लगेर राख्ने ? अहिले प्रायःजसोले पैसा निकाल्दै आफ्नो घरमा लगेर थुपार्दै गएको पाइन्छ । विपक्षी दल नेकपा एमालेले तारन्तार नेपाल श्रीलंका हुन्छ भनेर घोषणा गरेको गर्‍यै छ । उता, नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले समेत हरेक कार्यक्रममा नेपाल श्रीलंकाकै बाटोमा गइरहेको छ भनेर दाबा गरिरहेका थिए ।

प्रधानमन्त्री शेरबहादुर देउवाले बालुवाटारमा बोलाएर आफ्नो जागिर खोस्ने डर देखाएपछि मात्र गभर्नर अधिकारी चुप लागेका हुन् । विद्यार्थी संगठनहरुसमेत बालुवाटार घेर्न पुगेका थिए । अहिले ती संगठनहरु पनि मौन छ । जागिर बचाउनका लागि गभर्नर अधिकारीले सत्यतथ्य बाहिर ल्याउन चाहेका छैनन् । प्रश्न उठेको छ, 'यसअघि बारम्बार नेपालको अर्थतन्त्रको बारेमा बोल्ने व्यक्ति अहिले किन गुपचुप छन् ?'

राष्ट्र बैंकको मौद्रिक नीतिले घरजग्गा, सेयर र गाडीमा कर्जा लगानी नगर्न कडा निर्देश गरेको छ । यो क्षेत्र अत्यन्तै जोखिमपूर्ण भएकाले राष्ट्र बैंकले कडा मौदिक नीति ल्याएको हो । तर, बैंकहरुले अझै पनि सरकारको निर्देशनलाई बेवास्ता गरेको छ । आफ्ना नजिकका आफन्तलाई घुस खाएर यी क्षेत्रमा कर्जा दिने क्रम जारी छ । यता, सहकारीमा पैसा राख्ने क्रम ठप्प भएपछि, तरलता देखिएपछि सहकारी महासंघले पनि उल्लेखित तीन क्षेत्रमा लगानी नगर्न आदेश दियो ।

यी क्षेत्रमा कर्जा ठ्याक्कै रोक्न निर्देशन महासंघले दिएको थियो । बैंकमा पैसा निकाल्नेको भीड र सहकारी टाट पल्टिएको देख्दा नेपालको अर्थतन्त्र श्रीलंका हुन्छ भनेर बुझ्न धेरै बेर लाग्दैन । सरकारलाई विश्वास नगर्नु पैसा निकालेर घरमा लगेर राख्नुको प्रमुख कारण हो । वित्तीय संस्थामा राजनीतिक दलको दबदबा छ । आफ्नो कार्यकर्ता भर्ती गरेका छन् । कार्यकर्ताले वित्तीय संस्था चलाउन सक्छ ?

वित्तीय संस्थामा काम गर्नेले पैसा चिनेको हुनुपर्छ । उसको पढाइ पनि वित्तीय संस्थालाई पसाउने खालको हुनुपर्छ । तर, यहाँ त राजनीतिक दलको झोले बन्यो भने जहँ पनि छिर्न पाइहालिन्छ । अनि कहाँबाट नेपालका वित्तीय संस्था उभो लाग्छ ? वित्तीय संस्थामा पनि राजनीतिक हस्तक्षेप छ । राजनीतिक दलकै कारणले पनि वित्तीय संस्था सकिँदै छन् । अझै पनि वित्तीय संस्थामा समस्या आउने निश्चित छ ।

बरु, ब्याज चाहिँदैन, सावाँ जोगाउँछु भनेर हिँडिरहेका छन्, बचतकर्ता । सबैले ब्याजको माया मारिसकेका छन् । जनताले विश्वास नगरेपछि बैंक, फाइनान्सले कर्जा पनि दिन सक्दैनन् । कर्जा लगानी गरेन भने वित्तीय संस्था कसरी चल्छ ? आखिरी सबैभन्दा शक्तिशाली त जनता नै हुन् । जनताबाट वित्तीय संस्था नांगिसकेका छन् । अब बैंकहरुले कि हात उठाउनुपर्‍यो कि जनताको विश्वास जित्न सक्नुपर्‍यो ।

अब पैसा बचत गर्नुअघि धेरै कुरा सोचौं । आफूले खाइनखाई जोगाएको रकम डुब्न सक्छ । बेलैमा सोचविचार गरौं ।

*– रवीन्द्र साह, भक्तपुर*

**जानकारी**

अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

**द्रष्टव्य** : यस दैनिकका लागि लेख, विचार, प्रतिक्रिया prabhabdailynews@gmail.com मा सम्प्रेषण गर्नु हुन अनुरोध छ । यो स्तम्भमा प्रकाशित सामग्री लेखकको निजी विचार हो । सं.

# ‘प्रभावकारी शिक्षामा भौतिक पूर्वाधार महत्त्वपूर्ण’

■ प्रभाव संवाददाता

**काभ्रेपलाञ्चोक–** प्रहरी महानिरीक्षक धिरज प्रताप सिंहले गुणस्तर र प्रभावकारी शिक्षा प्रवर्द्धनमा भौतिक पूर्वाधारको महत्त्वपूर्ण भूमिका हुने बताएका छन् ।

नेपाल पुलिस स्कुल साँगाको परिसरमा नवनिर्मित एकेडेमिक ब्लक, मेस भवन र २ वटा पुरुष छात्रावास भवनको उद्घाटन गर्दै उनले यस्तो बताएका हुन् । उनले नवनिर्मित भवनहरुको निरीक्षण र सो ब्लक परिसरमा वृक्षारोपण समेत गरे । उनले नवनिर्मित भवनहरूबाट विद्यार्थीहरूको शैक्षिक वातावरण, बसोबास र मेश सुविधाहरूमा उल्लेखनीय अभिवृद्धि हुने विश्वास व्यक्त गरे । शिक्षा प्रणालीलाई थप समयसापेक्ष, परिस्कृत र प्रयोगात्मक बनाउँदै अभिभावकको चाहना र राष्ट्रको आवश्यकता पूरा गर्न दक्ष एवं सुयोग्य जनशक्ति उत्पादनमा नेपाल पुलिस स्कूल एक अनुकरणीय र सफल विद्यालयको रूपमा स्थापित हुनुपर्नेमा उनले जोड दिए ।

प्रहरी महानिरीक्षक सिंहले उक्त स्कुलमा लामो समयसम्म आवद्ध रही योगदान पुऱ्याए बापत कदर गर्दै शिक्षक उद्बव कार्कीलाई डिबी लामा टिचर्स अवार्ड २०७८ र नगद सहित सम्मान गरे । यसैगरी उनले २५ वर्षभन्दा लामो अवधिसम्म विद्यालयमा योगदान गर्ने शिक्षक तथा कर्मचारीहरु सुरेन्द्र वाग्ले, कृष्ण बहादुर बिष्ट, श्याम सुन्दर सापकोटा, कृष्ण राज अर्याल, शम्भु प्रसाद निरला, हरिहर तिमिल्सिना, राज कुमार नेपाल, निर बहादुर थापा र राज कुमार पोखरेल तथा हाल कार्यरत शिक्षकहरू हरि भक्त कार्की, सन्जोक अधिकारी, रबिना श्रेष्ठ, शिव हरि थापालाई कदरपत्र प्रदान गरे । साथै उनले तुल्सीभक्त कन्स्ट्रक्सन प्रालि, तारा निर्माण सेवा र ब्राइट कन्स्ट्रक्सन प्रालि एवं प्रहरी विद्यालयमा कार्यरत ५ जना प्रहरी कर्मचारीहरूलाई समेत कदरपत्र प्रदान गरे ।

साथै उनले नेपाल प्रहरी अपराध अनुसन्धान तथा नियन्त्रण र शान्ति सुरक्षा व्यवस्थापनका अतिरिक्त सामाजिक, कल्याणकारी र सेवामूखी कार्यहरूमा समेत सक्रिय रहँदै आएको चर्चा गरे । स्कुलको विकासका लागि आवश्यक पर्ने भौतिक संरचना लगायत विविध पक्षको स्तरोन्नति गर्नका लागि नेपाल प्रहरी प्रधान कार्यालय सदैव प्रतिबद्ध रहेको उल्लेख गर्दै नेपाल पुलिस स्कुललाई नेपालकै उत्कृष्ट स्कुलको रुपमा स्थापित गर्न क्रियाशील रहेको धारणा उनले व्यक्त गरे ।

उक्त भवनहरु नेपाल पुलिस स्कुल साँगाको आन्तरिक स्रोत, नेपाल प्रहरी कल्याण कोषको ऋण सहयोग तथा नेपाल सरकारको तर्फबाट राष्ट्रिय पुनः निर्माण प्राधिकरण कोषको सहयोग गरी कूल २१ करोड ३४ लाख ३२ हजार ७ सय ४६ को लागतमा निर्माण सम्पन्न भएको हो । कूल ६३,८६३/७२ वर्गफिट क्षेत्रफलमा निर्माण गरिएका उक्त भवनहरु २०७६ मंसिर १८ गते सुरु भई विभिन्न चरणमा सम्पन्न भएका हुन् ।

नेपाल पुलिस स्कुल साँगाका विद्यार्थीहरुद्वारा विविध साँस्कृतिक कार्यक्रम प्रस्तुत गरिएको उक्त समारोहमा प्रहरी अतिरिक्त महानिरीक्षकहरू, बनेपा नगरपालिकाका प्रमुख, काभ्रे जिल्लाका प्रमुख जिल्ला अधिकारी, प्रहरी नायव महानिरीक्षकहरु, नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बल नेपालका वरिष्ठ प्रहरी अधिकृतहरु, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरु, स्थानीय तहका प्रतिनिधिहरु, शिक्षक तथा विद्यार्थीहरु, सञ्चारकर्मी, विभिन्न संघसंस्थाका प्रतिनिधिहरु लगायतको उपस्थिति रहेको थियो ।

# चन्द्रनहर भत्किँदा नगरपालिका डुबानमा

सप्तरी– अविरल वर्षापछि आएको बाढीले सप्तरीको सप्तकोशी नगरपालिका-४ तुलसीचोकस्थित मुलुककै जेठो चन्द्रनहर भत्किएको छ ।

नगरपालिकाको अमाहा जुटपानी, सत्रापत्र, ट्याङ्गा लगायतका खहरे खोलामा आएको बाढीले चन्द्रनहर भत्काएको -२ का वडाध्यक्ष जाहिर हुसेनले बताए । वडाध्यक्ष हुसेनका अनुसार अविरल वर्षाका कारण खहरे खोलाबाट आएको बाढीले नहर भत्किएको र अधिकांश वडा डुबानमा परेको छ ।

पूर्वमा सप्तकोशी नदी, पश्चिममा चुरे पहाड र उत्तरमा त्रियुगा नदीको मध्यमा रहेको सप्तकोशी नगरपालिकाका विभिन्न वडाका सयौँ घर डुबानमा परी लाखौँ बराबरको क्षतिभएको नगरपालिकाले जनाएको छ ।

नगरको ११ वटै वडाका घर बाढीका कारण प्रभावित भएको र घर डुबानमा पर्नुका साथै भर्खरै लगाएको सयौँ बिघा धान खेती जलमग्न भएको नगरप्रमुख कृष्णप्रसाद ढकालले जानकारी दिए ।

वर्षाले -१ को वडा कार्यालयमा पानी पसेर कम्प्युटर लगायत कागजपत्र भिजेर क्षति भएको कार्यालयका सहायक राजकुमार रामले बताए । वडा कार्यालय अगाडिको अग्रवाल स्टोरको गोदाममा पानी पस्दा लाखौँ मूल्यको खाद्यान्न सामग्री भिजेर नोक्सान भएको मनोज अग्रवालले बताए ।

रातको समयमा नहर भत्किएर पानी प्रवेश गर्दा सरसमान सुरक्षित गर्न नपाएको स्थानीय रामबहादुर विष्टले बताए । घरमा ६ फिटसम्म पानी जमेका कारण खाद्यान्नलगायत सामग्री बिग्रिएको उनले बताए ।

नगर क्षेत्रमा रहेका खहरे खोलामा ओभरफ्लो भई पानी नहरमा खसेको र त्यसपछि नहर नै कटान गरी क्षतिग्रस्त बनाएको गुणराज सापकोटाले जानकारी दिए । खहरे खोलामा आउने बाढी पास गर्न बनाइएका साइफन/कल्भर्ट थुनिएका कारण बाढीले नहरमा क्षति पुऱ्याएको स्थानीयको भनाइ छ ।

तत्कालीन राणा प्रधानमन्त्री चन्द्रशमशेरले निर्माण गराएको चन्द्र नहर मुलुककै सबैभन्दा पुरानो सिँचाइ प्रणाली हो । नहरको मुख्य बाँधदेखि गङ्गा जलीखोलासम्म निर्माण भएका करिब एक दर्जन साइफन बन्द रहने गरेको छ । *रासस*


## जलजला सामुदायिक अस्पताल तथा अनुसन्धान केन्द्र (मु.वि.नगर्ने) (लिक्वीडेशन) सम्बन्धमा हकदावी गर्न आउने बारेमा सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७४।०७।०७ मा दर्ता भएको प्रा.लि.नं. १७६९२३।०७४।०७५ को **जलजला सामुदायिक अस्पताल तथा अनुसन्धान केन्द्र (मु.वि.नगर्ने)** लाई खारेजी (लिक्वीडेशन) मा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति: २०७९।०४।२३ गतेको बिशेष साधारण सभाले निर्णय गरेकोले यस कम्पनीले तिर्नु व्यहोर्नु पर्ने ऋण, धन एवं कोही कसैको बाँकी वक्यौता लेनदेन आदि भएमा स-प्रमाण सहित हकदावी गर्न यो सूचना प्रकाशित भएको मितिले **३५ दिन** भित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**लिक्वीडेटर**
**इजाजत पत्र नं.४८५**
**उम बहादुर सोमै**



## साउदी अरेबियामा रोजगारको अवसर

कम्पनी: MOHAMMED AL-BARGHASH AL-MANSOURI AND SONS TRADING AND CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति: २०७९/04/0८ | पुन विज्ञापन स्वीकृति मिति : २०७९/04/२३ | LT. No.267914 | चलानी नं. ६०१८३७४१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Drilling Worker | 52 | 0 | 1000 | ३३,९४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाण्डौ, मिति: साउन ३१ गते (16th Aug. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Lic No. 1159/074/074

**Global Sourcing Group Pvt.Ltd (Trans Asia Manpower Pvt.Ltd)**
Milijuli Marg, Maharajgunj/ Chakrapath-3, Kathmandu, Nepal
Tel : 01-4016163, 01-4016164, Email : info@gsgroup.com.np, www.gsgroup.com.np



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NAJD KEYS CONTRACTING EST

पूर्व स्वीकृति मिति २०७९/04/२३ | LT. No. 268928 | चलानी नं. ६०१८४८३४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | A Builder | 2 | 0 | 1200 | ४०,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: साउन ३१ गते (16th Aug. 2022)मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Mansur Manpower Pvt.Ltd.**
Govt. License 1218/074/075
G.P.O. Box: 473 Sambhu Marg, Airport Manpower Bazar, Kathmandu Nepal
Mobile :9801101712, 9801101715, E-mail: saim.mansur2017@gmail.com, mansur.manpower2017@gmail.com Website: www.mansurmanpower.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : DIYAR AL OMRAN CONTRACTING ESTABLISHMENT FOR ITS OWNER ABDULLAH ALI SALEH AL KUBRAISH

पूर्व स्वीकृति मिति: २०७९/0१/0९ | पुन विज्ञापन स्वीकृति मिति : २०७९/04/२३ | LT. No.261976 | चलानी नं. ६०१७८२४८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter | 4 | 0 | 1300 | ४४,१२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाडौं, मिति: साउन ३१ गते (16th Aug. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**G.R. INTERNATIONAL EMPLOYMENT PVT. LTD.**
श्रम ईजाजत नं. १०१५/०६८/६९
Samakhusi-29, Kathmandu,BAGMATI Tel : +977-1-4989945
Mobile No: 9841866145, E-mail: gremploymentnepal@gmail.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : THE POTENTIAL PLASTICS INDUSTRIES SDN BHD

पूर्व स्वीकृति मिति २०७९/04/२३ | LT. No. 268964 | चलानी नं. ६०१८४८४७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 10 | 0 | 1500 | ४२,८७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: साउन ३१ गते (16th Aug. 2022)मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Muskan Overseas Pvt. Ltd.**
Govt. License 1342/074/75
Samakhushi -26, Kathmandu, Nepal, Tel: + 977-1-4359026, 4363094
Email: muskanoverseas786@gmail.com,Web: www.muskanoverseas.com.np



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MOFAZA FASSEM YAHYA AL-ABSI CAR MAINTENANCE WORKSHOP

पूर्व स्वीकृति मिति : २०७९/0१/१९ | पुन विज्ञापन स्वीकृति मिति : २०७९/04/२३ | LT. No.262620 | चलानी नं. ६०१७८८४२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Maintenance Mechanic Assistant. | 1 | 0 | 1200 | ४०,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : GLORY SAPPHIRE COMPANY FOR OPERATION AND MAINTENANCE

पूर्व स्वीकृति मिति : २०७९/0३/२३ | पुन विज्ञापन स्वीकृति मिति : २०७९/04/२३ | LT. No.266885 | चलानी नं. ६०१८२७९४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing Worker | 5 | 0 | 1000 | ३३,९४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : GARDEN OSOUL TRADING EST (FAISAL FAHD ABDUL RAHMAN AL-MUTAIRI AGRICULTURAL NURSERY)

पूर्व स्वीकृति मिति : २०७९/04/२० | LT. No.268669 | चलानी नं. ६०१८४६३२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Packaging And Wrapping Worker | 2 | 0 | 1200 | ४०,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: साउन ३१ गते (16th Aug. 2022)मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**AL TAAZ INTERNATIONAL PVT.LTD.**
श्रम ईजाजत नं. १२५१/०७४/०७५
Shreetole - Basundhara Kathmandu
Tel: +977 -1- 5905101 / 5905102, Mob No. 9801147203/ 9801040620/ 9842482418,
E-mail: altaaznepal@gmail.com, Website www.altaazintl.com.np



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : JERAID TRANSPORT EST.

पूर्व स्वीकृति मिति: २०७९/04/२३ | LT. No.268920 | चलानी नं. ६०१८४८४०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 2 | 0 | 1800 | ६१,०९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: साउन ३१ गते (16th Aug. 2022)मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

